फोन नं. ०६१-४६२७५५
Email: infodckaski@dcourt.gov.np

# कास्की जिल्ला अदालत

## पोखरा

पत्र संख्या :
प्राप्त पत्र संख्या र मिति
च.नं.

(तहसिल शाखा)

मिति २०७५/२/३

विषय : दण्ड जरिवाना छुट सम्बन्धी सूचना ।

यस अदालतबाट विभिन्न मितिमा दायर भै फैसला समेत भएका फौजदारी तथा देवानी मुद्दाहरुमा तथा अन्य अदालतबाट लगत प्राप्त भै यस अदालतमा लगत कायम भएका मुद्दाहरुमा लागेको दण्ड, जरिवाना वा सरकारी बिगो बुझाउँन बाँकी व्यक्तिहरुले लागेको दण्ड जरिवाना वा सरकारी बिगो मिति २०७५ साल श्रावण मसान्तसम्ममा आफै बुझाउन आएमा सर्वोच्च अदालत नियमावली २०७४ को नियम १३५ अनुसार सूचना जारी गरी उक्त सयम भित्र आएमा सर्वोच्च अदालत नियमावली २०७४को नियम १३५(१) बमोजिम छुट दिई लगत कट्टा हुने बेहोरा सम्बन्धित सबैको लागि यो सूचना प्रकाशित गरिएको बेहोरा अनुरोध छ ।

अदालतको फैसलाबाट लागेको कैद, जरिवाना तथा सरकारी बाँकी बुझाउँनु पर्ने व्यक्ति, संस्थालाई अदालतले प्रोत्साहन रकम उपलब्ल गराउने गरेको र पक्राउ पर्ने व्यक्तिलाई कैद लागेको भए प्रति महिना कैदका लागि रु.१५०।-(एक सय पचास रुपैयाँ) तथा जरिवाना वा सरकारी बिगो भए नगद असुल भएको रकमको पचीस प्रतिशत रकम पुरस्कार स्वरुप उपलब्ध गराईने हुँदा अदालतबाट कैद वा जरिवाना लागेको व्यक्तिलाई पक्राउ गरी असुल गर्ने कार्यमा सहयोग गर्नु हुन अनुरोध छ ।

(मोहन बहादुर अधिकारी)
तहसिलदार

तहसिलदार